## त्रिभुवन विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय, बल्खु

### ४ वर्षे स्नातक तह चौथो वर्षको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८१ सालको मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह चौथो वर्ष बि.ए., बि.एफ.ए., बि.बि.एस., बि.एड. र बि.एस्सी. तर्फका परीक्षा दिने नियमित तथा आंशिक परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा मिति २०८१ साल माघ २९ गतेदेखि २०८१ साल फाल्गुण २५ गतेसम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. परीक्षा आवेदन फाराम सम्बन्धमा :

क) परीक्षा आवेदन फाराम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुऱ्याई आफैले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का.जवाफदेही हुने छैन ।

ख) ४ वर्षे स्नातक तह बि.एड., बि.बि.एस., र बि.एस्सी.को २०७३ सालमा भर्ना भई २०७४ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सबै परीक्षार्थीहरुले आवेदन फाराम माथि अघिल्लो पटकको रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको (साधारण पोशाकमा) पासपोर्ट साईजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधिसम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फाराम प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

### २. परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा :

क) काठमाडौं उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा बैंक भौचर २ दिन भित्र परीक्षा आवेदन फाराम सहित अनिवार्य रुपमा त्रि.वि.प.नि.का., बल्खुमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर बनाएको २ दिन भित्र परीक्षा आवेदन फाराम सहित क्षे.प.नि.का.को हकमा सम्बन्धित क्षे.प.नि.का.मा र प.नि.का.क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.,बल्खुमा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारामहरु बुझाउँदा सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित शाखामा बुझाउनु पर्नेछ ।

३. परीक्षा शुल्क सम्बन्धमा :

| | |
|---|---|
| क) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु.४७०।- |
| ख) परीक्षा आवेदन फाराम शुल्क | रु.६०। |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु.१००।- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु.१५०।- |
| ङ) दुई वा सो भन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु.२७५।- |
| च) शिक्षण अभ्यास शुल्क<br>(रु.३५०।- मध्ये रु.५०।- प.नि.का., बल्खु र रु.१५०।- शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, र रु.१५०।- सम्बन्धित क्याम्पसको खातामा राख्नुपर्नेछ । | रु.३५०।- |
| छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु.२७५।- |

४) परीक्षा शुल्क बुझाउने सम्बन्धमा :

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको च.हि.नं ०९१००१०११०१३४००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको च.हि.नं १००००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

घ) क्षे.प.नि.का.नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगंज स्थित ग्लोबल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके च.हि.नं २१०१०१०००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

ङ) क्षे.प.नि.का.अत्तरिया क्षेत्रको हकमा काठमाडौं त्रि.वि.प.नि.का., बल्खुको परिसरमा भित्र रहेको ग्लोबल आईएमई बैंक लिमिटेको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

परीक्षा नियन्त्रक